# क्षीरेश्वरनाथ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
महेन्द्रनगर, धनुषा
प्रदेश नं. २, नेपाल

प.सं.: ०७७/७८
च.नं.- ५३६

मिति : २०७७।०७।२६

श्री धनुषा जिल्ला अन्तर्गतका सम्बन्धित उमेर समूहका सबै युवाहरु ।

**विषय** : युवा प्रतिभा खोजी तथा प्रोत्साहन कार्यक्रम अन्तर्गत युवाका विचार लेखन प्रतियोगितामा सहभागि हुने सम्बन्धमा ।

प्रस्तुत विषयमा नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद, सानोठिमी भक्तपुरको च.नं. २०२ मिति २०७७।०६।११ को जारी सूचना तथा यस नगरस्तरीय शिक्षा समितिको मिति २०७७।०७।२६ को निर्णयानुसार धनुषा जिल्लास्तरीय युवा प्रतिभा खोजी तथा प्रोत्साहन कार्यक्रम सञ्चालनका लागि यस नगरपालिकामा आ.व २०७७।०७८ को सशर्त कार्यक्रममा कार्यक्रम तथा बजेट विनियोजन भएको हुंदा १६ देखि २४ बर्ष उमेर समूहका युवाहरुको लागि युवा प्रतिभाको खोजी तथा प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यप्रक्रिया २०७७ अनुसार समृद्ध राष्ट्र निर्माणका लागि युवाका विचार लेखन प्रतियोगिता सञ्चालन गर्नुपर्ने भएको हुंदा तपसिलको प्रावधान पुरा गरी सहभागि हुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

- **कार्यक्रमको प्रकृति** : विचार लेखन प्रतियोगिता ।
- **शीर्षक** : समृद्ध राष्ट्र निर्माणका लागि युवाका विचार लेखन प्रतियोगिता
- **निर्धारित समय** : २ घण्टा ३० मिनेट ।
- **सहभागि उमेर समूह** : १६ बर्षदेखि २४ बर्ष सम्म ।

संलग्न गर्नुपर्ने कागजातहरु :

- सहभागिताका लागि निवेदन (निवेदन क्षीरेश्वरनाथ नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट निःशुल्क प्राप्त गर्न सकिने छ ।)
- सहभागिको नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।(नेपाली नागरिकता प्राप्त गरिनसकेको हकमा जन्म दर्ताको प्रतिलिपि )
- धनुषा जिल्ला भित्रको पालिकामा स्थायी बसोबास भएको पत्र । (सहभागिले धनुषा जिल्ला बाहेक अन्य जिल्लाबाट जारी नागरिकता प्रमाणपत्र वा जन्मदर्ता लिएको भए मात्र ।)
- निवेदन पेश गर्ने स्थान : क्षीरेश्वरनाथ नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा ।
- प्रतियोगिता सञ्चालन हुने मिति र स्थान : सूचनाको म्याद समाप्त भए पश्चात जानकारी गराइनेछ ।
- निवेदन दिने अन्तिम मिति : २०७७।०८।१६ गते कार्यालय समयभित्र ।
- विस्तृत जानकारीका लागि राष्ट्रिय युवा परिषदको वेबसाइट www.nyc.gov.np मा गई युवा प्रतिभाको खोजी तथा प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यप्रक्रिया २०७७ हेर्नुहुन वा यस शाखामा सम्पर्क (मो नं. : ९८५४०५८१११, ९८०४२४५२०६) गर्नुहुन ।

निमित प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# क्षीरेश्वरनाथ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
महेन्द्रनगर, धनुषा
प्रदेश नं. २, नेपाल

प.सं.: ०७७/७८
च.न.- ५३६

**पुनश्च** : पालिका/जिल्लास्तरीय यस प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान हासिल गर्ने उम्मेदवारलाई नगद पुरस्कार तथा सहभागि सबैलाई प्रमाण पत्रको व्यवस्था हुनुका साथै प्रथम हुनेलाई प्रदेशस्तरीय प्रतियोगितामा सहभागिताका लागि सिफारिस समेत गरिनेछ ।

**बोधार्थ** :

श्री राष्ट्रिय युवा परिषद सानोठिमी भक्तपुर । -जानकारीका लागि ।
श्री शिक्षा विकास तथा समन्वय इकाइ धनुषा -सूचना संप्रेषण तथा जानकारी गराइदिनुहुन ।
श्री सबै स्थानीय तह, धनुषा । -सूचना संप्रेषण तथा जानकारी गराइदिनुहुन ।
श्री सूचना प्रविध शाखा : प्रस्तुत सूचना वेवसाइटमा राखिदिनुहुन ।

............ २०७८।८।२९
उमेश लाल कर्ण
प्रमुख प्रशासकीय अधिकृत
निमित्त प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner